# डि.एन्.ए परीक्षण सेवा सम्बन्धमा गरिएको व्यवस्था, २०६८

१. यस प्रयोगशालामा जैविक नाताकायम तथा व्यक्ति पहिचानका लागि मुख्यतः Globalfiler PCR amplification kit Y filer Plus PCR amplification kit प्रयोग गरीन्छ । मातृत्व पुस्ता (Maternal Lineage) तथा जनावरको श्रोत यकिन mt DNA Sequencing परीक्षणबाट गरिन्छ । बिग्रेका, पुराना नमुनाहरुमा minifiler kit को प्रयोग गरिनेछ ।

२. विवादीत बच्चाको बाबु आमासँगको जैविक नाता परीक्षण गर्दा विश्वसनीय नतिजाका लागी सम्भावित बाबु, आमा र बच्चा गरी तीनै जनाको डी.एन.ए. परिक्षण उपयुक्त हुन्छ । तसर्थ बाबु र आमा मध्ये कोही मृत्यु वा वेपत्ताको कारण उपलब्ध नभएको अवस्थामा विकल्पको रुपमा उपलब्ध एकजनासंग मात्र बच्चाको तुलना गरिने छ ।

३. डी.एन्.ए. परीक्षणबाट व्यक्तिविच जाँच गरिनु पर्ने जैविक नाता प्रष्ट रुपमा खुलेको हुनु पर्दछ । यसका लागी दावी गरिएको नाताको सामान्य पुस्तैनी पृष्ठभूमी अनिवार्य रुपमा खुलाएर पठाउनु पर्नेछ ।

४. अदालत, प्रहरी वा अन्य निकायबाट प्राप्त हुने केशहरुमा सोही कार्यालयका कर्मचारीको रोहवरमा मात्र डी.एन्.ए. नमुना संकलन गरिनेछ । यसका लागि सम्भव भएसम्म परिक्षणको लागी अनुरोध गर्ने कार्यालयका कर्मचारी र सो सम्भव नभए काठमाण्डौ उपत्यकामा रहेका सोही संस्था/कार्यालयका कर्मचारी पठाउन सकिनेछ । नमुना संकलन गर्दा वादी र प्रतिवादी एक अर्काको रोहवरमा बस्नुपर्ने भएका कारण परीक्षण गरिनु पर्ने सम्पूर्ण व्यक्तिको उपस्थितिमा मात्र नमुना संकलन गरिने छ ।

५. नमुना दिनुपर्ने मितिबाट ३ (तीन) महिना पूर्व अरुको रगत लिएको व्यक्तिबाट डी.एन्.ए. नमुना संकलन गरिने छैन । अस्थिमज्जा ग्रहित (Bone Marrow Transplantation) व्यक्ति वा गम्भीर वंशाणुगत रोग ग्रसित (Genetic Disorder) व्यक्ति भए सो बारेको जानकारी प्रयोगशालालाई अनिवार्य रुपमा दिनु पर्नेछ ।

६. डी.एन्.ए. परीक्षण गर्नुपर्ने व्यक्तिहरुको संख्या, अपनाइने प्रविधि र प्रयोजनको आधारमा प्रति नमुना रु.१०,०००।- देखि रु.१६,०००।- सम्म परीक्षण दस्तुर लाग्नेछ । त्यस्तै जनावरको श्रोत यकिनमा प्रति नमुना रु.१६,०००।- परीक्षण शुल्क कायम गरिएको छ ।

७. डी.एन्.ए. नमुना संकलनपूर्व अनिवार्यरुपमा पेश गर्नु पर्ने :

(क) परिक्षण गर्नुपर्ने प्रत्येक व्यक्तिको हालसालै खिचिएको पासपोर्ट साईजको फोटो थान-१ ।
(ख) जन्म मिति स्पष्ट खुलेको आधिकारिक प्रमाणपत्र (नागरिकता, पासपोर्ट आदि) ।
(ग) परिक्षण गर्नुपर्ने व्यक्ति नाबालक भए निजको संरक्षक, अभिभावक आदिको उपस्थिति ।
(घ) परिक्षण शुल्क नगद वा यस प्रयोगशालाको नाममा काटिएको बैंक ड्राफ्ट वा तल उल्लेखित बैंक खातामा रकम जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| बैंकको नाम | : | राष्ट्रिय वाणिज्य बैंक, लगनखेल, ललितपुर । |
| खातावालाको नाम | : | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला |
| खाता नम्बर | : | ११२०००००१३०६ |

८. डी.एन.ए. परिक्षण प्रतिवेदन सम्बन्धित कार्यालय/संस्थालाई मात्र उपलब्ध गराइने छ ।

९. व्यक्तिगत रुपमा आउने केश निम्न लिखित अवस्थामा मात्र स्वीकार गरिनेछ :

(क) VISA अनुमतीको लागी DNA परिक्षण गराउनु पर्दा Immigration वा दर्तावाला कानूनवीदको पत्र अनिवार्य रुपमा पेश भएको हुन पर्नेछ ।
(ख) व्यक्तिगत प्रयोगजनको लागी DNA परिक्षण गराउनु पर्दा बच्चाको आमाको समेत परिक्षण अनिवार्य हुनेछ ।
(ग) आमा नभएको अवस्थामा व्यक्तिगत प्रयोजनको लागी नाबालिग बच्चाको DNA परिक्षण गरिने छैन । यदि बच्चा बालिग रहेमा कुनै दर्तावाल कानूनवीदको सिफारिश सहित निजको निवेदन पेश भएमा मात्र DNA परिक्षण गरिनेछ ।

नोट: बुँदा नं.१ र ६ मा परीक्षण शुल्क सम्बन्धी व्यवस्था, २०७४ अनुरुप गरिएको छ ।